**UNITED NATIONS**
**OFFICE OF THE HIGH COMMISSIONER**
**FOR HUMAN RIGHTS IN NEPAL**

**प्रेस विज्ञप्ति - २०६३ मङ्सिर ६**

---

## संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपालद्वारा विस्तृत शान्ति सम्झौता हस्ताक्षरको स्वागत

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तका नेपालस्थित प्रतिनिधि लेना सुन्धले, नेपालगञ्जबाट बोल्दै, विस्तृत शान्ति सम्झौताको हस्ताक्षरलाई नेपालमा दिगो शान्तितर्फको सङ्क्रमणको सुरुवातको रूपमा स्वागत गर्नुभयो । स्थानीय अधिकारीहरू, सात दल गठबन्धन र नेकपा (माओवादी)का प्रतिनिधिहरू, मानवअधिकारसम्बन्धी गैससहरू र नागरिक समाजसँग भएका बैठकहरूमा, लेना सुन्धले उच्चायुक्तको कार्यालयले शान्ति सम्झौताका विस्तृत विवरणहरूको अध्ययन गरिरहेको भए पनि सम्बन्धित पक्षहरूले मानवअधिकारलाई शान्ति सम्झौतामा केन्द्रीय स्थान दिएर सोप्रति देखाएको प्रतिबद्धताको आफूले स्वागत गरेको बताउनुभयो । उहाँले स्थानीय प्रतिनिधिहरूलाई नेपालका जिल्लाहरूमा मानवअधिकारको संरक्षण र प्रबर्द्धनमा उच्चायुक्तको कार्यालय केन्द्रित भएको बताउनु भयो र उच्चायुक्तको कार्यालयले देशका क्षेत्र तथा ग्रामीण भागहरूमा आफ्नो अनुगमनको उपस्थितिलाई जारी राख्ने र त्यसलाई अझ सशक्त बनाउने वाचा व्यक्त गर्नुभयो ।

---

**For further information contact Mr. Kieran Dwyer at OHCHR-Nepal:**
Tel.: 428 0164 (Ext. 321) - Mobile: 98510 14263 or Email: kdwyer@ohchr.org